आ.व.: २०७७/७८

## बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शी.नं. ३६५००१०६)

## बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरु

प्रजनन् उमेर समुहका महिला, ५ बर्षमुनीका बालबालिका र किशोरकिशोरीहरुमा हुने सबै खालका कुपोषण घटाउन नेपाल सरकारले पहिलो प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा बहुक्षेत्रीय पोषण योजना (दोस्रो) कार्यान्वयनमा ल्याएको छ। कुपोषण घटाउन स्वास्थ्य, कृषि तथा पशुपंक्षी विकास, खानेपानी तथा सरसफाई, शिक्षा, महिला तथा बालबालिका, र शासकीय प्रवन्ध जस्ता विषयगत क्षेत्रको भूमिकालाई यो योजनाले आत्मसात गरेको छ। योजना कार्यान्वयन गर्न सङ्घ, प्रदेश, र स्थानीय तहको एकीकृत र समन्वयात्मक भूमिका आवश्यक छ। नेपाल सरकारको कार्यक्रमका अतिरिक्त स्थानीय तहले पोषणका क्रियाकलापहरुलाई अपनत्व लिई थप लगानी गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ।

योजनाले परिलक्षित गरेको नतिजा प्राप्त गर्न हाल सम्म बहुक्षेत्रीय पोषण कार्यक्रमको रुपमा ३० जिल्लाका ३०८ स्थानीय तहमा कार्यान्वयनमा रहेको यो कार्यक्रम चालु आर्थिक बर्ष २०७७/७८ मा थप २८ जिल्लाका २८१ स्थानीय तहमा विस्तार भएको छ। चालु आर्थिक वर्षमा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि ब.उ.शी.नं. ३६५००१०६ मा विनियोजन भएको रकम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानका रुपमा उपलब्ध गराइएको छ। कार्यक्रम लागू भएका स्थानीय तहले उक्त रकमबाट कार्यक्रमको तयारी, कार्यान्वयन, प्रतिवेदन, बजेट खर्च तथा अन्य व्यवस्थापन गर्दा निम्नानुसारको निर्देशन तथा शर्तहरु पालना गर्नुपर्नेछ।

१) सशर्त अनुदानको रुपमा प्राप्त हुने बजेट पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट क्रियाकलापगत रुपमा बाँडफाँट गरी कार्यान्वयन गर्नु पर्नेछ।

२) बहुक्षेत्रीय पोषण कार्यक्रम शीर्षकको रकम अन्यत्र खर्च गर्न वा रकमान्तर गर्न पाईने छैन ।

३) पोषण विशेष कार्यक्रमको लागि प्राप्त भएको बजेट पोषण संवेदनशील क्षेत्रमा खर्च गर्न पाइने छैन।

४) बहुक्षेत्रीय पोषण योजना (दोस्रो) ले लक्षित गरेका क्षेत्रमा आधारित रही पोषण सम्बन्धी क्रियाकलाप छनोट गर्नु पर्नेछ। बजेट बाँडफाँट गर्दा पोषण विशेष (स्वास्थ्य), संवेदनशील र समर्थ बनाउने (कृषि, पशुपंक्षी, महिला बालबालिका, शिक्षा, खानेपानी तथा सरसफाई र शासकीय प्रबन्ध) कार्यक्रमहरुलाई मध्यनजर गरी नेपाल सरकार र प्रदेशबाट प्राप्त हुने, स्थानीय तहबाट थप हुने र अन्य विकास साझेदारबाट प्राप्त हुने बजेट समेत एकमुष्ठ गरी अनुसूची १ अनुसार एकीकृत वार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ ।

५) स्थानीय तहले क्षेत्रगत क्रियाकलापहरु छनौट गर्दा गाउँपालिका /नगरपालिका स्तरको क्रियाकलापहरु भन्दा वडा तथा वस्ती स्तरमा सुनौला हजार दिनका घरपरिवार र किशोरीहरुलाई केन्द्रित भई गर्नुपर्नेछ ।

६) अनुसूची ४(क) मा उल्लिखित स्थानीय तहले विपन्न समुदायका सुनौला हजार दिनका घरपरिवार लक्षित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न शुरुवाती पुँजी उपलव्ध गराउन देहाय बमोजिम महिला सहकारी वा समूह छनौट गर्नेः

क. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने ।

ख. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशील नभएको अवस्थामा सरकारी निकायः महिला विकास कार्यक्रम, गरिवसँग विश्वेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम /नागरिक सचेतना केन्द्र, कृषि विकास, पशुसेवा, घरेलु विकासको



एकनारायण अर्याल
सचिव

समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमश: प्राथमिकताका आधारमा छनौट गर्ने ।यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्षदेखि क्रियाशील रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने।

ग. बुँदा नं (क) वा (ख) बमोजिम छनोट भएको महिला सहकारीका २५ जना सदस्यलाई प्रति सदस्य रु २५ हजारका दरले हुने एकमुष्ठ रु ६ लाख २५ हजार अनुदान विनियोजन गर्ने।

घ. बुँदा नं (ख) बमोजिम महिला सहकारी नभई महिला समूहमा अनुदान दिनुपर्ने भएमा अनुदान प्राप्त गर्ने समुहले एक वर्षभित्र सहकारीको रुपमा रुपान्तरण हुने प्रतिवद्दता भएकोलाई प्राथमिकता दिनुपर्नेछ ।

ङ. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समुहले सामुहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउने।

च. यस बुँदा बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिने।

छ. यस बुँदा बमोजिम महिला सहकारी वा समुहले प्राप्त गर्ने अनुदानको परिचालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट प्राप्त निर्देशिका अनुसार हुने।

७) अनुसूची ४ (ख) बमोजिमका ११४ स्थानीय तहले सामुदायिक विद्यालयमा खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधार निर्माणका लागि स्थानीय तह भित्र विपन्न समुदायका बालबालिकाहरु अध्ययनरत सामुदायिक विद्यालयहरु मध्येबाट खानेपानी तथा शौचालय नभएको वा विद्यार्थी सङ्ख्याको अनुपातमा अपर्याप्त रहेको कुनै एक विद्यालयका लागिी रु ८ लाख विनियोजन गर्नुपर्नेछ । विद्यालय छनौट तथा विद्यालयमा खानेपानी तथा सरसफाइ सम्बन्धी पूर्वाधार निर्माण आयोजनाको सञ्चालन देहाय बमोजिम गर्ने:

क. स्थानीय तहभित्र रहेका सञ्चालनमा रहेका सामुदायिक विद्यालय मध्ये खानेपानी सुविधा नभएका विद्यालयलाई प्राथमिकता दिने । खानेपानी सुविधा नभएका विद्यालयहरुको सङ्ख्या बढी भएको अवस्थामा दलित तथा बिपन्न समुदायमा रहेका विद्यालयलाई प्राथमिकता दिने।

ख. नयाँ आयोजना वा भइरहेको पूर्वाधारमा सुधार गर्न सकिने आयोजना छनौट गर्ने।

ग. खानेपानी उपलब्ध भएको तर बजेट अभावमा व्यवस्थित हुन नसकेको विद्यालय।

घ. छात्रहरुको अनुपातमा छात्राहरुको संख्या बढि भएको विद्यालय ।

ङ. छात्रा शौचालय व्यवस्थापन तथा महिनावारी सरसफाई सम्बन्धी सुविधा उपलब्ध नभएको विद्यालय छनौट गर्ने।

च. यस बुँदा बमोजिम छनौट भएको आयोजना स्थानीय तहमा कार्यरत प्राविधिकबाट लागत ईष्टिमेट तयार गरी सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।



एकनारायण अर्याल
सचिव

छ. आठ लाख भन्दा बढी लागत लाग्ने आयोजना भएको अवस्थामा सम्बन्धित विद्यालय वा स्थानीय तहको अन्य बजेटसँग साझेदारी गर्न सकिने तर यसै कार्यक्रममा थप बजेट विनियोजन गर्न नपाइने।

८) स्थानीय तहले बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत वार्षिक कार्यक्रम तयार गर्दा निम्नानुसार गर्नुपर्नेछः

क. अनुसूची २(क) बमोजिम हाल कार्यक्रम कार्यान्वयन भईरहेका ३० जिल्लाका ३०८ स्थानीय तह र अनुसूची २ (ख) बमोजिम थप ७ जिल्लाका ७५ स्थानीय तह गरी जम्मा ३८३ स्थानीय तहले अनुसूची ३ मा उल्लेख भएका अनिवार्य क्रियाकलापहरु र सबै विषयगत क्षेत्रहरु समावेश हुने गरी अतिरिक्त क्रियाकलापहरु समेतको पुर्ण प्याकेज तयार गर्ने।

ख. अनुसूची २ (ग) बमोजिम २१ जिल्लाका २०६ स्थानीय तहले निम्नानुसारका अनिवार्य क्रियाकलापहरुको आंशिक प्याकेज गर्नेः

अ. स्थानीय तह तथा सबै वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा अभिमुखीिकरण गर्ने।

आ. स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशीलता र नियमित बैठक (प्रत्येक चौमासिकमा १ वटा) गर्ने ।

इ. पोषण सम्वन्धी बाल अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखीकरण गर्ने ।

ई. नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालीन शिशुआहारसँग आवद्ध गर्ने ।

उ. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रिया मार्फत मुलप्रवाहीकरण गर्ने ।

ऊ. बहुक्षेत्रीय पोषण योजनाका लक्ष्य प्राप्त गर्ने गरी स्थानीय तहबाट पोषणसँग सम्बन्धित क्रियाकलापहरुमा बजेट परिचालन गर्ने।

९) कुनै सरकारी निकाय वा विकास साझेदारहरुको सहजीकरणमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन वा वा अभिमुखीकरण सम्बन्धी कार्य सम्पन्न भइसकेको भए सोको प्रतिवेदन लिई उक्त क्रियाकलापहरुमा प्रस्ताव गरिएको बजेट अन्य कार्यक्रममा विनियोजन गर्नुपर्नेछ।

१०) एकीकृत वार्षिक कार्ययोजना कार्यान्वयन तालिका तयार गर्दा ८० प्रतिशत कार्यक्रम तथा बजेट दोस्रो चौमासिक भित्र सम्पन्न हुने गरी तयार गर्नुपर्नेछ ।

११) एकीकृत वार्षिक कार्ययोजना कार्यान्वयन गर्दा सम्बन्धित महाशाखा वा शाखाको प्राविधिक र प्रशासनिक नेतृत्व र विषयगत महाशाखा वा शाखाको सहकार्य हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

१२) बहुक्षेत्रीय पोषण कार्यक्रमको क्रियाकलापहरु तयार गर्दा नेपाल सरकार, अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ र प्रदेश कानुनलाई आधार लिई दररेट तयार गर्नुपर्नेछ । सोही दररेटका आधारमा क्रियाकलापहरुको लागत अनुमान गर्नुपर्नेछ ।



एकनारायण अर्याल
सचिव

१३) बहुक्षेत्रीय पोषण कार्यक्रमको कोष प्रवाह तथा वित्तीय व्यवस्थापन नेपाल सरकारको विद्यमान आर्थिक ऐन, नियम एवम् प्रदेश र स्थानीय तहको लागिी तोकिएको आर्थिक कार्यप्रणाली अनुसार हुनेछ ।

१४) स्थानीय तहले यस कार्यक्रमको आम्दानी खर्चको लेखा छुट्टै राखी स्थानीय तहको निर्दिष्ट आर्थिक प्रणाली अनुरुप खर्च गर्नुपर्नेछ ।

१५) कार्यक्रमको आन्तरिक लेखापरीिक्षण र अन्तिम लेखापरीक्षणको जिम्मेवारी गाउँपालिका/ नगरपालिकाको हुनेछ ।

१६) कार्यालय सामग्री खरिद तथा कार्यालय सञ्चालन जस्ता क्षेत्रमा यो बजेटबाट खर्च गर्न पाईने छैन ।

१७) स्थानीय तहले यस कार्यक्रमको मासिक प्रगती प्रतिवेदन महिना भुक्तान भएको १५ दिन भित्र र चौमासिक प्रगती प्रतिवेदन सो अवधि भुक्तान भएको १ महिना भित्र वित्तीय र भौतिक प्रगतिको विवरण Online Reporting System (ORS) मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१८) बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागिं हाल कार्यक्रम लागू भएका ३० जिल्लाका ३०८ स्थानीय तह र कार्यक्रम विस्तार हुने ७ जिल्लाका ७५ स्थानीय तह गरी जम्मा ३८३ स्थानीय तहमा करार सम्झौता गरी एकजना पोषण स्वयंसेवकको व्यवस्था गर्नुपर्नेछ । स्वयंसेवकहरुको सेवा सुविधा र व्यवस्थापन निम्नानुसार गर्नुपर्नेछः

क. ब.उ.शि.नं ३६५००१०६ को खर्च शिर्षक नं २६३११ बाट खर्च लेखांकन
ख. निर्वाह भत्ता प्रति महिना रु १८,५०० (अक्षेरुपी अठार हजार पाँच सय रुपैंया), थप १ महिनाको निर्वाह भत्ता बराबरको रकम चाडपर्व खर्च, प्रति महिना रु ५०० (पाँचसय)सञ्चार खर्च र पोशाक भत्ता एकमुष्ठ रु १०,००० (अक्षेरुपी दश हजार रुपैंया) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट उपलब्ध गराउन सकिने् ।
ग. अनुसूची ३ बमोजिम हाल कार्यक्रम कार्यान्वयन भईरहेका ३० जिल्लाका ३०८ स्थानीय तहमा २०७७ श्रावण १ देखि नै लागू हुने ।
घ. सिराहा, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, प्यूठान, सल्यान, र दार्चुला (७ जिल्ला) का सबै ७५ स्थानीय तहका स्वयंसेवकहरुको हकमा नियुक्ती भएको मितिदेखि लागू हुने ।
ङ. रिक्त रहेका र कार्यक्रम विस्तार हुने ७ जिल्लाका ७५ स्थानीय तहमा स्वयंसेवकहरुको नियुक्ति २०७७ मंसीर पन्ध्र गते भित्र सम्पन्न गरी मन्त्रालयमा जानकारी दिनुपर्ने ।
च. स्वयंसेवकहरुको करार अवधि २०७८ सम्म हुनेछ ।

१९) स्वयंसेवकको न्युनतम योग्यता, अनुभव र छनौट प्रक्रिया यस प्रकार हुनेछः

क. मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। सामुदायिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेकोलाई प्राथमिकता दिने ।
ख. कम्तीमा २१ वर्ष उमेर पूरा भएको हुनपर्नेछ ।
ग. सम्बन्धित स्थानीय तहमा वसोवास गरेको हुनु पर्नेछ ।
घ. महिला उम्मेदवारलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।
ङ. प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।



एकनारायण अर्याल
सचिव

च. प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अन्य २ जना कर्मचारी रहेको छनौट समिति गठन गरी कम्तिमा १५ दिनको सुचना प्रकाशित गरी खुला प्रतिस्पर्धाबाट छनौट गर्नुपर्नेछ ।

२०) स्वयंसेवक नियुक्ति नहुदाँसम्म स्थानीय तहको नियमित दरबन्दी भित्रको कुनै कर्मचारीलाई जिम्मेवारी तोकी मन्त्रालयलाई जानकारी दिनु पर्नेछ । यसरी जिम्मेवारी तोकिएकोमा निजले कुनै पनि थप सुविधा पाउने छैनन्।

२१) पूर्णकालीन रुपमा पोषणको क्षेत्रमा काममा खटाउन सक्ने कर्मचारी उपलब्ध भई स्वयंसेवक राख्नु नपर्ने अवस्थामा यस कार्यक्रममा प्राप्त भएको सबै बजेट कार्यक्रममा नै खर्च गर्नुपर्नेछ ।

२२) पोषण स्वयंसेवकको कार्यविवरण (Job Description) अनुसूची ६ अनुसार हुनेछ ।

२३) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्वाचित पदाधिकारीको संयोजकत्वमा रहेको अनुगमन समितिले अनुगमन तथा मूल्याङ्कन शाखा एवम् विषयगत शाखाका कर्मचारीहरुको संलग्नतामा नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ।

२४) यस कार्यक्रम अन्तर्गत छनोट भएका बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगतका कुनै पनि क्रियाकलापहरु गैर सरकारी संस्था, कम्पनी तथा फर्मबाट कार्यान्वयन गर्न पाइनेछैन ।



एकनारायण अर्याल
सचिव

<u>अनुसूची १ : एकीकृत वार्षिक कार्यक्रमको ढाँचा</u>

| क.स. | विषयगत क्षेत्र | क्रियापलापहरू | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य विकास साझेदार) रकम खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | | | | | | |
| | | | | | | | |
| २ | महिला तथा बालबालिका | | | | | | |
| | | | | | | | |
| ३ | स्वास्थ्य | | | | | | |
| | | | | | | | |
| ४ | शिक्षा | | | | | | |
| | | | | | | | |
| ५ | खानेपानी तथा सरसफाई | | | | | | |
| | | | | | | | |
| ६ | कृषि विकास | | | | | | |
| | | | | | | | |
| ७ | पशुपंक्षी विकास | | | | | | |
| | | | | | | | |
| | | | | जम्मा | | | |

तयार गर्ने

प्रमाणित गर्ने

नोट : यो कार्ययोजना तयार गर्दा विषयगत शाखाका प्रमुख वा प्रतिनिधीहरुको संलग्नतामा तयार गरी स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले पारित गर्नुपर्नेछ ।



एकनारायण अर्याल
सचिव

अनुसूची २ : कार्यक्रम लागू हुने स्थानीय तहको विवरण

| क्र. सं. | प्रदेश | पुर्ण प्याकेज कार्यान्वयन हुने | | आंशिक प्याकेज कार्यान्वयन हुने |
|---|---|---|---|---|
| | | (क)३० जिल्ला | (ख) ७ जिल्ला | (ग) २१ जिल्ला |
| १ | प्रदेश नं १ | उदयपुर, खोटाङ, पाँचथर | | ओखलढुंगा, ताप्लेजुङ, भोजपुर, संखुवासभा, सुनसरी |
| २ | प्रदेश नं २ | धनुषा, पर्सा, बारा, महोत्तरी, रौतहट, सप्तरी, सर्लाही | सिराहा | |
| ३ | बागमती प्रदेश | | दोलखा, सिन्धुपाल्चोक, सिन्धुली | धादिङ, नुवाकोट, मकवानपुर, रसुवा, रामेछाप |
| ४ | गण्डकी प्रदेश | नवलपरासी पूर्व | | गोरखा, म्याग्दी, वाग्लुङ |
| ५ | प्रदेश नं ५ | कपिलबस्तु, नवलपरासी पश्चिम, बर्दिया, रुकुम पूर्व, रोल्पा | प्यूठान | अर्घाखाँची, गुल्मी, दाङ, बाँके, रुपन्देही |
| ६ | कर्णाली प्रदेश | कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, दैलेख, मुगु, रुकुम पश्चिम, हुम्ला | सल्यान | सुर्खेत |
| ७ | सुदुरपश्चिम प्रदेश | अछाम, डडेलधुरा, डोटी, बझाङ, बाजुरा, बैतडी | दार्चुला | कञ्चनपुर, कैलाली |
| जम्मा | | ३० जिल्लाका सबै ३०८ स्थानीय तह | ७ जिल्लाका सबै ७५ स्थानीय तह | २१ जिल्लाका सबै २०६ स्थानीय तह |



एकनारायण अर्याल
सचिव

अनुसूची ३ : क्षेत्रगत प्रस्तावित क्रियाकलापहरुको विवरण

स्थानीय तहले बहक्षेत्रीय पोषण योजना दोस्रोले तोकेको क्रियाकलापहरुलाई उपलब्ध बजेट र स्थानीय तहको प्राथमिकता अनुसार निम्नानुसारका प्रस्तावित क्रियाकलापहरु मध्येबाट सबै क्षेत्रहरु समावेश हुने गरीि छनौट गर्नुपर्नेछ । साथै क्रियाकलापहरु छनौट गर्दा स्थानीय तहमा अन्य सरकारी निकाय तथा बहुक्षेत्रीय पोषण योजना दोस्रोको अनुसूची २ मा उल्लेख भएका सुनौला हजार दिन, सुआहारा, कृषि तथा खाद्य सुरक्षा, किसान, र निजी क्षेत्रको सहजीकरणमा भएका क्रियाकलापहरु नदोहोरिने गरी छनौट गर्नुपर्नेछ ।

(क) शासकीय प्रवन्ध क्षेत्र

अनिवार्य क्रियाकलापहरु

- स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन
- स्थानीय तह तथा वडामा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिलता र नियमित बैठक (प्रत्येक चौमासिकमा १ वटा) गर्ने
- बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत बार्षिक योजना तयार गर्ने
- पोषण सम्वन्धी बाल अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखीकरण गर्ने
- नेपाल सरकारबाट वितरण भएको बाल पोषण भत्तालाई बाल्यकालिन शिशुआहारसँग आवद्ध गराउने

अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु

- पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र समितिका सदस्यहरुको अभिमुखीकरण र क्षमता अभिवृद्धि गर्ने
- बहुक्षेत्रीय पोषण योजनाको एकीकृत योजना तयार गर्ने
- गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिला तथा किशोरीहरु लगायतका पोषण सम्बन्धी तथ्यांक (प्रोफाइल) संकलन तथा अद्यावधिक गर्ने
- पोषण स्वयम सेवकको निरन्तरता र क्षमता विकास
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सबै बिषयगत शाखाहरुबाट सञ्चालित क्रियाकलापहरुको समिक्षा (कम्तिमा २ पटक) गरी आवश्यक नीतिगत मार्गदर्शन दिने
- स्थानीय तह तथा वडामा पोषण डेस्कको स्थापना गर्ने
- नेपाल सरकारबाट वितरण भएको बाल अनुदान भत्तालाई बाल्यकालिन शिशुआहारसँग आवद्ध गर्ने
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नको लागि विभिन्न वर्ग÷समूहसँग बहस—पैरवी बैठक ससञ्चालन गर्ने
- जनप्रतिनिधी, राजनीति दल, पत्रकार, नागरिक समाजका प्रतिनिधीहरुलाई स्थानीय तहमा पोषण कार्यक्रम सञ्चालन तथा पोषण सम्बन्धी आवश्यक नीति निर्माणका लागि कार्यशाला सञ्चालन गर्ने



एकनारायण अर्याल
सचिव

- विषयगत क्षेत्रका कर्मचारीहरुलाई बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्न क्षमता विकास तालिम सञ्चालन गर्ने
- बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरुको नियमित अनुगमन गर्ने
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालन भएका अभियान, क्रियाकलापहरु, सामाजिक व्यवहार परिवर्तन सम्बन्धी सन्देश र राम्रा तथा नविनतम अभ्यासहरुलाई विभिन्न सञ्चार माध्यम मार्फत जानकारी गराउने
- पोषण मैत्री स्थानीय शासन रणनीति अनुसार सूचकहरु स्थानीयकरण तथा लक्ष्य निर्धारण गर्ने
- पोषण सम्बन्धी बिभिन्न अभियान, दिवस, सप्ताह, सुचना प्रवाह गर्ने
- स्थानीयस्तरमा पोषण प्रर्वद्धन व्यक्ति, समूह, संस्था पहिचान गरी परिचालन
- स्थानीय स्तरमा निजी क्षेत्रलाई परिचालन गरि खाद्य स्वच्छता तथा गुणस्तरको सुनिश्चिता
- सार्वजनिक संस्थाहरुमा पोषण प्रर्दशनी स्थल, स्तनपान कक्ष र पोषण डेष्कको स्थापना
- सार्वजनिक स्थानमा पोषण सुचकहरु झल्किने सामुदायीक सुचना पाटि राख्ने
- धुवाँरहित भान्सा व्यबस्थापनको लागि सुधारीएको चुल्हो निर्माणको लागि अभिमुखिकरण गर्ने

(ख) महिला बालबालिका क्षेत्र

<u>अनिवार्य क्रियाकलापहरु</u>

- व्यावसायिक योजनामा आधारित महिला सहकारी तथा समूहलाई उद्धमशीलता विकासको लागि शुरुवाती पूँजी अनुदान प्रदान गर्ने
- उद्धमशील सीप विकास तालिम मार्फत लैंगिक संवेदनशील पोषणलाई सम्वोधन गर्ने ।
- महिला सहकारी समिति तथा समुहमा आयआर्जन तथा पोषण सम्बन्धी तालिम संचालन गर्ने ।

<u>अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु</u>

- सुनौला हजार दिनका महिला, किशोरीका घरपरिवार तथा समुदायस्तरमा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, मर्यादित महिनावारी तथा अन्य जीवनउपयोगी सीप र लैङ्गिक समता सम्बन्धी अनुशिक्षण÷तालिम सञ्चालन गर्ने
- बाल नगद अनुदान, गर्भवती तथा सुत्केरी भत्ता (स्थानीय तहबाट प्रदान गरिने) जस्ता सामाजिक सुरक्षाका कार्यक्रममा पोषण केन्द्रित बनाउने क्रियाकलाप सञ्चालन विद्यालय बाहिर रहेका किशोरीहरुलाई प्रजनन स्वास्थ्य पोषण र जीवनपयोगी सीपबारे तालिम सञ्चालन किशोरीहरुलाई महिनावारी स्वच्छता, प्रजनन स्वास्थ्य तथा जीवनउपयोगी सीप तालिम सञ्चालन
- समुदायमा बालबिबाह, छाउपडी, मर्यादित महिनावारी, तथा गर्भवती र सुत्केरी अवस्थामा पोषणको बिषयमा बिद्यमान हानिकारक मान्यता र कुसंस्कार विरुद्ध पैरवी तथा अभियान संचालन
- बाल विवाह निवारणको लागि अभिभावक तथा किशोरकिशोरीहरुलाई अभिमुखीकरण तथा परामर्श
- किशोर किशोरीलाई जीवनचक्रमा आधारीत पोषण शिक्षा दिने



एकनारायण अर्याल
सचिव

- लैंगिक तथा घरेलु हिंसा निवारण तथा सुनौलो हजार दिनका आमाको स्याहारमा श्रीमान तथा परिवारको भूमिका बिषयमा अन्तरपुस्ता (श्रीमान–श्रीमती, सासु–बुहारी) अन्तरक्रिया कार्यक्रम सञ्चालन
- परिवार तथा समुदायमा महिलाको कार्यबोझको बाँडफाँड तथा सुनौला हजार दिनका महिलाहरुको बिशेष स्याहार तथा बालबालिकाको स्याहारमा श्रीमान तथा परिवारका अन्य सदस्यहरुको भूमिका बढाउन परिवार परामर्श तथा सचेतना अभियान संचालन
- लैंगिक हिंसा निवारण तथा पोषण प्रवर्धनात्मक अनुशिक्षण, तालिम तथा पैरवी कार्यक्रमहरुमा पुरुष सहभागिता बढाउने कार्यक्रम
- सुनौला हजार दिनका महिला तथा घर परिवारलाई लक्षित गरी आय आर्जनका कार्यक्रम संचालन

(ग) स्वास्थ्य क्षेत्र

अनिवार्य क्रियाकलापहरु

- वृहत पोषण विशेष प्याकेजमार्फत IMAM कार्यक्रममा स्वास्थ्य समन्वयकर्ता/ स्वास्थ्य कार्यकर्ता/ महिला सामुदायिक स्वास्थ्य स्वयमसेवकलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने ।
- पोषण सामग्री ढुवानी सबै स्थानीय तहहरुमा ओटीसीको स्थापना वा सुदृढीकरण
- स्थानीय तहमा रहेका ओटीसीहरू संचालनको लागि स्वास्थ्यकर्मीहरू र महिला स्वास्थ्य स्वास्थ्य स्वयंसेवीका लागि लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च
- बृहत पोषण प्याकेज कार्यक्रम विस्तार

अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु

- गर्भवती, सुत्केरी, स्तनपान गराइरहेका महिलालाई दैनिक आहारमा विविध खाद्य वस्तु तथा व्यवहार सम्बन्धी परामर्श दिने
- गर्भवती, सुत्केरी महिलाहरु तथा किशोरीहरुलाई प्रोटोकल अनुसार आइरन फोलिक एसिड चक्की तथा जुकाको औषधी खुवाउने
- विद्यालय जाने उमेरका बालबालिकालाई जुकाको औषधी खुवाउने
- जन्मेको १ घण्टाभित्र बच्चालाई स्तनपान गराउन र ६ महिनासम्म पूर्ण रूपमा स्तनपान गराउन गर्भवती, सुत्केरी महिला र परिवारका सदस्यहरुलाई परामर्श दिने
- सूक्ष्म पोषकतत्व समिश्रण भएको अन्नको पिठो तथा आयोडिनयुक्त नुनको उपभोगमा वृद्धि
- बालबालिकाको पोषण अवस्था अनुगमन र पोषणसम्बन्धी परामर्श प्रदान
- किशोर–किशोरीमैत्री स्वास्थ्य तथा पोषण कार्यक्रमहरु एकीकृतरुपमा विस्तार
- स्थानीय पोषण वस्तुहरुको प्रयोग गरेर पौष्टिक खानाहरु (जस्तै पिठो, खिर÷लिटो, जाउलो÷खिचडी) बनाउने तरिकाको प्रदर्शन साथै स्थानियस्तरमा उपभोग योग्य खाद्य परिकारलाई थप पोषिलो बनाई खाने, खुवाउने तरिकाको प्रदर्शन तथा प्रबद्र्धन



एकनारायण अर्याल
सचिव

- आपतकालिन अवस्थामा पोषण सम्बन्धी सुचना तथा पोषण निगरानी प्रणाली स्थापना तथा सबलीकरण
- विपद्को अवस्थामा हुने जोखिमलाई कम गर्न आकस्मिक पोषण योजना तयार गर्ने ।
- पाँच बर्ष मुनिका बालबालिकाका शिघ्र कुपोषणको नियमित लेखाजोखा गरी आवश्यक उपचार तथा व्यवस्थापन
- अर्धबार्षिक रुपमा ६ देखी ५९ महिनाका बालबालिकालाई भिटामिन ए र १२ देखी ५९ महिनाका बालबालिकालाई जुकाको औषधि खुवाउने
- पोषण सेवा प्रबाह सम्बन्धी स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेबिकाहरुलाई तालिम, आमा समूहहरुको नियमित बैठक संचालन एबम् पोषण सम्बन्धी छलफल गर्ने
- स्तनपान सप्ताह लगायतका विभिन्न अभियान सञ्चालन
- प्रचार प्रसार, बृहत पोषण प्रर्दशनी
- आमा समूहहरुको नियमित बैठककम नाङ्लो प्रर्दशनीको माध्यमबाट स्थानीय समुदायलाइ खानपानको वानीव्यवहार परिवर्तन गर्न प्रोत्साहन
- मेरो स्वास्थ्य मेरो जिम्मेबारी'लाई प्रभावकारी बनाउन स्वस्थ वातावरण र सक्रिय जीवनशैलीको प्रवद्धन गर्दै साईकल लेन, एक घर एक–करेसाबारी, व्यायाम हल, योगाभ्यास तथा पञ्चकर्म केन्द्रको स्थापना र प्रयोगको लागि सरोकारवालसँग समन्वय गर्ने ।

(घ) शिक्षा क्षेत्र

अनिवार्य क्रियाकलापहरु

- सामुदायिक विद्यालयमा खानेपानी योजना तथा सरसफाई सम्बन्धी क्रियाकलाहरु संचालन गर्ने
- समुदाय तथा विद्यालयमा खानेपानी तथा सरसफाईका विशेषगरी हात धुने कार्यक्रमहरु संचालन गर्ने

अतिरिक्त क्षेत्रगत क्रियाकलापहरु

- विद्यालय तह तथा समुदाय स्तरका प्रारम्भिक बाल शिक्षा÷कक्षा सञ्चालनमा सहयोग
- बाल क्लब स्थापना तथा विस्तार बालबालिका मार्फत बालविवाह लगायतका सामाजिक कुरीतिहरु रोकमा पैरवी गर्ने
- बाल क्लवमार्फत पोषण तथा सरफाई सचेतना अभियान संचालन गर्ने
- बालविकास सम्बन्धी योजना बनाई कार्यान्वियन गर्ने
- अभिभावक तथा समुदायका सदस्यहरुलाई पोषण शिक्षा सम्बन्धी सचेतना गर्ने
- आइरनयुक्त आहार तथा स्थानीय स्तरका पोषणयुक्त खाद्य बस्तुको उपभोगको सुनिश्चिता हुने गरी विद्यालय दिवा खाजाको व्यवस्था गर्ने
- विद्यालय दिवा खाजा तयार गर्दा ३० प्रतिशत क्यालोरी प्राप्त हुने गरी सुनिश्चित गर्ने
- किशोरीहरुको नियमित विद्यालय सुनिश्चिता, पोषण खानपान तथा सरसफाइ सम्बन्धी किशोरी, अभिभाबक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक बीच अन्तरक्रिया गर्ने
- विद्यालयहरुमा कार्यरत लैङ्गिक फोकल पोइन्टलाई सक्रिय बनाई छात्राहरुमा देखा पर्ने समस्या सहजीकरण गर्ने ।



एकनारायण अर्याल
सचिव

- विद्यालयमा पोषण पाठ्यक्रम समाबेश र पोषणमैत्री क्रियाकलापहरु प्रर्बद्धन गर्न किशोरी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षकसँग अर्धवार्षिक समीक्षा गर्ने ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्था जाँच तालिका तयार र प्रयोग, कक्षा १ देखी १० सम्मका विद्यार्थीहरुलाई अर्धबार्षिक रुपमा जुकाको औषधि खुवाउने, १० देखी १९ बर्षका छात्राहरुलाई सिफारिश गरिए बमोजिम अर्धबार्षिक रुपमा आइरन फोलिक एसिड चक्कि खुवाउने जस्ता क्रियाकलापहरु) सञ्चालन गर्ने
- विद्यालयहरुले विद्यालय जाने उमेका बालबालिका तथा किशोर किशोरीको स्वास्थ्य परीक्षण तथा एन्थ्रोपेट्रिक नाप जाँच तथा पोषण शिक्षा स्वास्थ्य संस्थाको समन्वयमा चौमासिक रुपमा गर्ने गराउने ।
- विद्यालयमा छात्रामैत्री शौचालय तथा फोहोर विसर्जनका लागी उपयुक्त व्यवस्था गर्ने
- स्थानीय तहमा स्थानीय स्तरमा पाइने खाद्यान्न तथा जीवनचक्रमा आधारीत खाद्य तथा पोषण सम्बन्धी आधारभुत सचित्र पाठ्यक्रम तयार गर्ने (कक्षा १ देखि ५ सम्मको लागी)
- विद्यालयमा किशोरीहरुलाई जीवनपयोगी सीप र पोषण बिषयमा स्वास्थ्य शिक्षा जस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने
- किशोरीहरुलाई महिनावारी स्वच्छता, स्थानीय स्तरमा क्बलष्तबचथ एबम बनाउने तालिम तथा अभिमुखीकरण
- विद्यालयमा पोषण कर्नर स्थापना गर्ने र विधार्थीलाई सिकाई सँगै} आय आर्जनका कार्यक्रमहरुमा प्रोत्साहन गर्ने ।

(ङ) खानेपानी तथा सरसफाई क्षेत्र

- विद्यालयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन गर्न अभिमुखिकरण गर्ने
- विद्यालयमा प्रयोगमैत्री शौचालय, पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका बालिका÷किशोरीलाई सरसफाई तथा महिनावारी सरसफाई व्यवस्थापन सम्बन्धी सुविधाको व्यवस्था गर्ने
- पुर्ण सरसफाई अभियान सञ्चालन गर्ने
- समुदाय, संस्था र अन्य सार्वजनिक स्थलमा शौचालयहरुमा पुर्ण सरसफाई सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने
- घरायसीस्तरमा सुरक्षित खानेपानी साथै खानेपानी शुद्धिकरण विधिको बारेमा जनचेतना अभिबृद्धि गर्ने
- सार्वजनिक स्थल, वडा तथा स्थानीय स्तरमा सरसफाइ अभियान संचालन गर्ने
- स्वास्थ्य केन्द्रमा WASH कर्नर र Hazardous Waste को व्यवस्था गर्ने ।
- बालबिकास केन्द्र तथा विद्यालयतहमा WASH कर्नरको व्यवस्था गर्ने
- सुनौला हजारदिनका महिलाहरु तथा घरपरिवारलाई पूर्ण सरसफाई, खेरगएको पानी व्यवस्थापन गरी करेसावारी स्थापना गर्न अभिमुखीकरण गर्ने
- नगरपलिकामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्य र समन्वयको लागि गाउँ वा नगरपालिका स्तरीय खानेपानी तथा स्वच्छता सम्नवय समिति (MWASH-CC) गठन गर्ने
- समुदायमा एक घर एक धाराको अवधारणालाई कार्यान्वयनमा ल्याउने कार्यमा प्रोत्साहन गर्ने



एकनारायण अर्याल
सचिव

(च) कृषि विकास क्षेत्र

- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई करेसाबारी निर्माण सम्बन्धी सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम सञ्चालन तथा उन्नत विउविजन उपलब्ध गराउने तथा समुहगत च्याउ उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आवासीय विद्यालयमा करेशावारी तथा फलफूल व्यवस्थापन र च्याउ खेति सम्बन्धी सैद्धान्तिक र व्यवहारीक ज्ञान दिने तालिम तथा प्लाष्टक घर सहितको करेशावारी र फलफूल बगैंचा स्थापना गर्ने
- पोषणयुक्त रैथाने बालीहरूको संरक्षण, प्रर्वद्धन तथा उत्पादन गर्न नमूना कृषकहरुको क्षमता बृद्धि
- पेषणयुक्त मानिएका पहेलो सखरखण्ड तथा मोरिङ्गका बेर्ना तथा सेट्स वितरण आदी कार्य
- परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहार तयारी तथा परिकार विविधिकरण सैद्दान्तिक र व्यवहारीक ज्ञान दिने तालिम
- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारमा मौसमी तथा बेमौसमी जातका तरकारी, तथा अन्नबालीको उन्नत विउविजन छोटो अबधिमा तयार हुने फलफुलहरु जस्तै केरा, मेवा, भूईकटहर आदीको विरुवा, बेर्ना, लगाएत साना सिंचाई, कृषि औजार सामग्रीहरु नमूनाको रुपमा वितरण गर्ने
- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई जैविक मल तथा जैविक विषादी व्यवस्थापन गरी प्राङ्गरीक पद्धतीबाट तरकारी उत्पादन सम्बन्धी तालिम सञ्चालन गर्ने
- भौगोलिक अवस्था अनुसार तरकारी खेती प्रर्बद्धन गर्न नमूनाको रुपमा प्लाष्टिक टनेलको व्यवस्था गर्ने (कमजोर आर्थिक अवस्था भएका किशोरी तथा सुनौला हजार दिनको घरपरिवारमा अनुदान)
- पोषणयुक्त खाद्य बस्तुको प्रर्बद्धनका लागि कृषि मेला, हाट तथा अन्य सार्वजनिक कार्यक्रममा स्टल राख्ने
- विभिन्न खाद्यवस्तुमा पाइने पोषकतत्वहरूको विवरण भएको तालिका (Food Composition Table) प्रकाशन गरी किशोरी तथा सुनौला हजार दिनको परिवार लक्षित गरि वितरण गर्ने ।

(छ) पशुपंक्षी विकास क्षेत्र

- निश्चित क्षेत्रमा वसोवास गर्ने सुनौला हजार दिनका महिलाहरुको समुह गठन गरी साना पशु, पन्छी, माछा सहितको घरवारी पोषण वगैंचा वा पारिवारिक स्तरको पशुपन्छी पालन र उपयोगको मोडल फर्म स्थापना गर्न अनुदान उपलव्ध गराउने
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरुको संचिति र भन्डारण क्षमता वढाई एक पटक वनेकोको सामग्री लामो समयसम्म उपभोग गर्न अभिप्रेरित गर्ने र यसका लागि तालिमको व्यवस्था गर्ने (छुर्पी, सुख्खा पनिर, माछा, मासुको सुकुटी, रसवरी, खुवा, मासु र अन्डाको अचार, हड्डी चुर्ण, तिते, सिद्राको मस्यौरा आदि)
- पशुजन्य उत्पादन विविधिकरणको तालिम र सामग्री वितरण
- स्थनीयस्तरमा पाईने अपरम्परागत **un/ non - conventional** खाध्य पदार्थ जस्तै मुसा, गंगटो, घुघि, सलह, सिकार्नी, वन मौरीको प्युपा, वारुला आदिको सम्वन्धित समुदायमा प्रवर्द्धन लागि प्रविधि र प्रचार प्रसार गर्ने
- स्थानीय जातको दुइ पोथी र एक भाले पालनको लागि कुखुरा र केज वितरण



एकनारायण अर्याल
सचिव

- स्थानीयस्तरमा पाइने पशुजन्य उत्पादनको विविधिकरण सहित खाद्य परिकार मेला आयोजन गर्ने
- स्थानीय टोल र वस्तीमा पशुजन्य उत्पादन विर्की गर्न एकीकृत पसल संचालन गर्न प्रोत्साहन र अनुदान दिने
- पशुपन्छीमा आधारित पोषण प्रवर्धनका परम्परागत ज्ञान, शिप, प्रविधि कौशलको प्रवर्धन र संरक्षण गर्ने
- सुनौला हजार दिनका महिला तथा वालवालिका लक्षित गरेर पशु पन्छीजन्य खाध्य पदार्थको महत्व दर्शाउने सूचनामुलक प्रचार सामग्री तयार गरि वितरण गर्ने
- किशोरी तथा सुनौला हजार दिनको घरपरिवारका सदस्यलाई पशुपंक्षीपालन (कुखुरापालन, हाँस, मौरी, माछा, अन्य..) सम्बन्धी तालिम सञ्चालन गर्ने र नमुनाको रुपमा वितरण गर्ने
- पशु स्वास्थ्य शिविर सञ्चालन गरी पशुपंक्षीलाई खोप लगाउने कार्यक्रमलाई विस्तार गर्ने
- समुदायलाई पशुपंक्षीजन्य उत्पादन, उपभोग, तथा प्रशोधन सम्बन्धी तालिम सञ्चालन गर्ने
- खोर निर्माण, भकारो सुधार, गोठ व्यवस्थापन सम्बन्धी सचेतना गर्ने घरपरिवारमा वितरण गर्ने



एकनारायण अर्याल
सचिव

अनुसूची ४ : महिला सहकारी वा समुहमा आयआर्जन कार्यक्रम र सामुदायिक विद्यालयमा खानेपानी योजना सञ्चालनका लागिी अनुदान उपलब्ध हुने  स्थानीय तहको विवरण

| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | |
|---|---|---|---|---|
| | | | (क) आयआर्जन कार्यक्रम सञ्चालन | (ख) विद्यालयमा खानेपानी योजना सञ्चालन |
| १ | प्रदेश १ | उदयपुर | ताप्ली गाउँपालिका, वेलका नगरपालिका | उदयपुरगढी गाउँपालिका, लिम्चुङ्बुङ गाउँपालिका |
| २ | प्रदेश १ | खोटाङ | जन्तेढुंगा गाउँपालिका | केपिलासगढी गाउँपालिका, वराहपोखरी गाउँपालिका |
| ३ | प्रदेश १ | पाँचथर | तुम्बेवा गाउँपालिका, याङवरक गाउँपालिका | कुम्मायक गाउँपालिका, मिक्लाजुङ गाउँपालिका |
| ४ | प्रदेश २ | धनुषा | मुखियापट्टी मुसहरमिया गाउँपालिका, हंसपुर नगरपालिका | औरही गाउँपालिका, कमला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, जनकनन्दिनी गाउँपालिका, धनुषाधाम नगरपालिका, धनौजी गाउँपालिका, मिथिला बिहारी नगरपालिका, विदेह नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, |
| ५ | प्रदेश २ | पर्सा | छिपहरमाई गाउँपालिका, धोबीनी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, बहुदरमाई नगरपालिका, सखुवा प्रसौनी गाउँपालिका | जगरनाथपुर गाउँपालिका, पकाहा मैनपुर गाउँपालिका, पोखरिया नगरपालिका |
| ६ | प्रदेश २ | बारा | आदर्श कोटवाल गाउँपालिका, सिम्रौनगढ नगरपालिका | करैयामाई गाउँपालिका, देवताल गाउँपालिका, पचरौता नगरपालिका, बारागढीगाउँपालिका, सुवर्ण गाउँपालिका |
| ७ | प्रदेश २ | महोत्तरी | गौशाला नगरपालिका, बलवा नगरपालिका, भँगाहा नगरपालिका, साम्सी गाउँपालिका, सोनमा गाउँपालिका | एकडारा गाउँपालिका, औरही नगरपालिका, पिपरा गाउँपालिका, मटिहानी नगरपालिका, मनरा शिसवा नगरपालिका. महोत्तरी गाउँपालिका, रामगोपालपुर नगरपालिका, लोहरपट्टी नगरपालिका, |
| ८ | प्रदेश २ | रौतहट | कटहरिया नगरपालिका, गुजरा नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवाबिजयपुर नगरपालिका, बृन्दावन नगरपालिका, माधव नारायण नगरपालिका, मौलापुर नगरपालिका, राजपुर नगरपालिका | ईशनाथ नगरपालिका, गढीमाई नगरपालिका, गरुडा नगरपालिका, परोहा नगरपालिका, बौधीमाई नगरपालिका, यमुनामाई गाउँपालिका |
| ९ | प्रदेश २ | सप्तरी | डाक्नेश्वरी नगरपालिका, रुपनी गाउँपालिका, सुरुङ्गा नगरपालिका | खडक नगरपालिका, बलान-बिहुल गाउँपालिका, राजगढ गाउँपालिका,महादेवा गाउँपालिका |



एकनारायण अर्याल
सचिव

| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | |
|---|---|---|---|---|
| | | | (क) आयआर्जन कार्यक्रम सञ्चालन | (ख) विद्यालयमा खानेपानी योजना सञ्चालन |
| १० | प्रदेश २ | सर्लाही | कबिलासी नगरपालिका, गोडैटा नगरपालिका, चक्रघट्टा गाउँपालिका, चन्द्रनगर गाउँपालिका, पर्सा गाउँपालिका, बरहथवा नगरपालिका, बलरा नगरपालिका, बसबरीया गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका, रामनगर गाउँपालिका, विष्णु गाउँपालिका, हरिपुर नगरपालिका, हरिपुर्वा नगरपालिका | ईश्वरपुर नगरपालिका, कौडेना गाउँपालिका, धनकौल गाउँपालिका |
| ११ | गण्डकी प्रदेश | नवलपरासी पूर्व | बौदीकाली गाउँपालिका | बुलिङटार गाउँपालिका, हुप्सेकोट गाउँपालिका |
| १२ | लुम्बिनी | कपिलबस्तु | यसोधरा गाउँपालिका, सुद्धोधन गाउँपालिका | महाराजगंज नगरपालिका, विजयनगर गाउँपालिका |
| १३ | लुम्बिनी | नवलपरासी पश्चिम | पाल्हीनन्दन गाउँपालिका, रामग्राम नगरपालिका | त्रिवेणीसुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, बर्दघाट नगरपालिका |
| १४ | लुम्बिनी | बर्दिया | गेरुवा गाउँपालिका | बारबर्दिया नगरपालिका, राजापुर नगरपालिका |
| १५ | लुम्बिनी | रुकुम पूर्व | भूमे गाउँपालिका | पुथा उत्तरगंगा गाउँपालिका |
| १६ | लुम्बिनी | रोल्पा | थवाङ गाउँपालिका, माडी गाउँपालिका, सुनछहरी गाउँपालिका | त्रिवेणी गाउँपालिका, परिवर्तन गाउँपालिका, रुन्टीगढी गाउँपालिका, रोल्पा नगरपालिका, लुङग्री गाउँपालिका, गंगादेव गाउँपालिका, सुनिल स्मृति गाउँपालिका |
| १७ | कर्णाली प्रदेश | कालिकोट | शुभ कालीका गाउँपालिका, तिलागुफा नगरपालिका, पलाता गाउँपालिका, महावै गाउँपालिका, रास्कोट नगरपालिका | खाँडाचक्र नगरपालिका, नरहरिनाथ गाउँपालिका, पचालझरना गाउँपलिका, सान्नी त्रिवेणी गाउँपालिका |
| १८ | कर्णाली प्रदेश | जाजरकोट | कुसे गाउँपालिका, छेडागाड नगरपालिका, जुनीचाँदे गाउँपालिका, शिवालय गाउँपालिका | नलगाड नगरपालिका, बारेकोट गाउँपालिका, भेरी नगरपालिका |
| १९ | कर्णाली प्रदेश | जुम्ला | कनकासुन्दरी गाउँपालिका, तातोपानी गाउँपालिका, पातारासी गाउँपालिका, हिमा गाउँपालिका | गुठिचौर गाउँपालिका, तिला गाउँपालिका, सिंजा गाउँपालिका |
| २० | कर्णाली प्रदेश | डोल्पा | काईके गाउँपालिका, जगदुल्ला गाउँपालिका, शे फोक्सुन्डो गाउँपालिका | छार्का ताङसोङ गाउँपालिका, डोल्पो बुद्ध गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका, मुड्केचुला गाउँपालिका |
| २१ | कर्णाली प्रदेश | दैलेख | ठाँटीकाँध गाउँपालिका | आठबीस नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, नौमुले गाउँपालिका, भगवतीमाई गाउँपालिका, भैरवी गाउँपालिका, महावु गाउँपालिका |
| २२ | कर्णाली प्रदेश | मुगु | मुगुम कार्मारोंग गाउँपालिका, सोरु गाउँपालिका | खत्याड गाउँपालिका, छायाँनाथ रारा नगरपालिका |



एकनारायण अर्याल
सचिव

| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | |
|---|---|---|---|---|
| | | | (क) आयआर्जन कार्यक्रम सञ्चालन | (ख) विद्यालयमा खानेपानी योजना सञ्चालन |
| २३ | कर्णाली प्रदेश | रुकुम पश्चिम | त्रिवेणी गाउँपालिका | बाँफिकोट गाउँपालिका, सानी भेरी गाउँपालिका आठबिसकोट नगरपालिका, |
| २४ | कर्णाली प्रदेश | हुम्ला | अदानचुली गाउँपालिका, खार्पुनाथ गाउँपालिका, चंखेली गाउँपालिका, सर्केगाड गाउँपालिका | ताँजाकोट गाउँपालिका, नाम्खा गाउँपालिका |
| २५ | सुदूरपश्चिम प्रदेश | अछाम | कमलबजार नगरपालिका, ढकारी गाउँपालिका, तुर्माखाँद गाउँपालिका, मंगलसेन नगरपालिका | चौरपाटी गाउँपालिका, पन्चदेवल विनायक नगरपालिका, बान्निगढी जयगढ गाउँपालिका, मेल्लेख गाउँपालिका, रामारोशन गाउँपालिका, साँफिबगर नगरपालिका |
| २६ | सुदूरपश्चिम प्रदेश | डडेलधुरा | गन्यापधुरा गाउँपालिका, परशुराम नगरपालिका | नवदुर्गा गाउँपालिका |
| २७ | सुदूरपश्चिम प्रदेश | डोटी | आदर्श गाउँपालिका, बडीकेदार गाउँपालिका | के.आई.सिं. गाउँपालिका, पूर्वीचौकी गाउँपालिका, बोगटान फुड्सिल गाउँपालिका, शिखर नगरपालिका, सायल गाउँपालिका |
| २८ | सुदूरपश्चिम प्रदेश | बझाङ | केदारस्युँ गाउँपालिका, जयपृथ्वी नगरपालिका, थलारा गाउँपालिका, दुर्गाथली गाउँपालिका, बुंगल नगरपालिका, मष्टा गाउँपालिका | साइपाल गाउँपालिका, खप्तड छान्ना गाउँपालिका, छविसपाथिभेरा गाउँपालिका, तलकोट गाउँपालिका, वित्थडचिर गाउँपालिका, सूर्मा गाउँपालिका |
| २९ | सुदूरपश्चिम प्रदेश | बाजुरा | जगन्नाथ गाउँपालिका, बडीमालिका नगरपालिका,बुढीनन्दा नगरपालिका | गौमुल गाउँपालिका, खप्तड छेडेदह गाउँपालिका, त्रिवेणी नगरपालिका, बुढीगंगा नगरपालिका, स्वामीकार्तिक खापर गाउँपालिका, हिमाली गाउँपालिका |
| ३० | सुदूरपश्चिम प्रदेश | बैतडी | दोगडाकेदार गाउँपालिका, पुर्चौडी नगरपालिका, शिवनाथ गाउँपालिका,सिगास गाउँपालिका | पञ्चेश्वर गाउँपालिका |



एकनारायण अर्याल
सचिव

## अनुसूची ५ : पोषण स्वयंसेवकको कार्यविवरण

पृष्ठभुमी :

नेपाल सरकारबाट स्वीकृत भएको बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/०७६–२०७९/८०) कार्यान्वयनको चरणमा रहेको छ । स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र शासकीय प्रवन्ध जस्ता क्षेत्रकोा एकीकृत र समन्वयात्मक प्रयासबाट मात्र कुपोषण घटाउन सकिने कुराको बोध गरी उक्त योजना कार्यान्वयनमा ल्याइएको हो। उक्त योजनाको लक्ष्य प्राप्त गर्न पोषण विशेष, पोषण संबेदनशील र समर्थ बनाउने कार्यक्रमको तयारी र कार्यान्वयनमा स्थानीय तहको भूमिका महत्वपुर्ण रहेको छ । योजना अन्तर्गत स्थानीय तहको अग्रसरता र सहकार्यमा योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न पोषण संवेदनशील सेवाहरुको पहुँच बढाउने, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा कार्यन्वयन गर्ने, कार्यक्रममा लक्षित समुहको सहभागिता र अधिकारको विषयमा पैरवी गर्ने, पोषणका सवालको संचार गर्ने, स्थानीय समुदायको सहभागितामा पोषण अभियान संचालन गर्ने जस्ता विभिन्न क्रियाकलाप सञ्चालन भैरहेका छन् ।

यस कार्यक्रमलाई सामाजिक परिचालनको माध्यमबाट अभियानमुखी बनाउने, लक्षित समुदायको स्वामित्व र सहभागिता बृद्धि गर्ने र कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने जस्ता कार्यहरु गर्न कार्यक्रम लागु भएका स्थानीय तहमा ब.उ.शी.नं. ३६५००१०६ बहुक्षेत्रीय पोषण कार्यक्रम स्थानीय निकाय सशर्त अनुदान अन्तर्गत पोषण स्वमंसेवकको व्यवस्था गरिएको छ । समुदायसँगं नजिक रहेर पोषण स्वयंसेवकले गर्ने काम र अभियानलाई व्यवस्थित र प्रभावकारी बनाउन पोषण स्वयंसेवकको कार्यविवरण (Job Description) तयार गरिएको छ ।

क. उत्तरदायित्व

- प्रमुख प्रशासकीय अधिकृतप्रति उत्तरदायी रही सामाजिक विकास शाखा लगायत सम्बन्धित विषयगत शाखा प्रमुखहरुसँंगको समन्वयमा कार्यसम्पादन गर्ने ।

ख. जिम्मेवारी

१. समन्वय र पैरवी

- स्थानीय तहको कार्यालय परिसरमा पोषण नाङ्लो प्रर्दशन÷पोषण कर्नर स्थापना गरी पोषण सन्देश प्रवाहको सुनिश्चता गर्ने ।
- पोषण युक्त स्थानीय खाद्य उत्पादन तथा उपभोगका लागि स्थानीय स्तरमा पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गाउँपालिका नगरपालिका तथा समुदाय स्तरमा सन्चालन हुने तालिम गोष्ठीमा भाग लिने र तालिम कार्यक्रम संचालन गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने ।
- गाउँ÷नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग समन्वय र सहकार्य गरी सुनौला हजार दिनका घरपरिवारको पोषणको अबस्था सुधारको लागि घर पहिचान गरी घरभेट गरेर पोषण सम्बन्धी सचेतना गराउने लगायतका कार्यहरु गर्ने ।



एकनारायण अर्याल
सचिव

- सिघ्र कुपोषण (Severe Acute Malnutrition (SAM) र मध्यम कुपोण (Moderate Acute Malnutrition (MAM)) घरपरिवारका सदस्यहरुलाई स्वास्थ्य संस्थामा जानको लागि परामर्श (Counseling) गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा उपचार गराउन ल्याइएका बच्चाहरुका आमा तथा हेरचाह गर्ने व्यक्तिलाई स्वास्थ्य संस्थाहरु मार्फत शिशु तथा बाल्यकालीन पोषण र बहुक्षेत्रीय पोषण योजना अन्तर्गत तोकिएका सेवा सम्बन्धी परामर्श प्रदान भएको सुनिश्चिताको लागि स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहजीकरण गर्ने ।
- पोषणमैत्री स्थानीय सरकारको प्रतिबद्धता पुरा गर्न पूर्ण पोषण युक्त घर, गाँउ र वार्ड घोषणा अभियानका लागि सूचकहरु र विधि एवं प्रक्रियाबारे जानकारी गराउने र स्थिति पत्र प्रकाशन गर्ने कार्यको लागि आवश्यक सुचना तथा तथ्यांक संकलन गर्ने ।
- पोषणमैत्री अभियानलाई सहयोग पुग्ने पूर्ण साक्षरता, पूर्ण खोप, पूर्ण सरसफाईयुक्त, खुला दिसामुक्त, घरभित्रको धुवाँरहित, किशोरीमैत्री सेवा प्रवाह जस्ता स्थानीय तहको अभियान÷पहलमा सहयोगी भूमिका निर्वाह गर्ने ।
- स्वास्थ्य, सरसफाई र पोषणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवसर तथा दिवसहरु —जस्तै राष्ट्रिय सरसफाई सप्ताह, विश्व हात धुने दिवस, विश्व वातावरण दिवस, पानी दिवस, विश्व चर्पी दिवस आदि) मनाउन पैरवी तथा सहजीकरण गर्ने ।

२) योजना तर्जुमा

- बहुक्षेत्रीय पोषण योजनाका लाभान्वित व्यक्ति र समूहको पहिचान गरी सूची तयार गर्ने र उक्त विवरण विषयगत शाखामा अभिलेखीकरणको लागि सहयोग गर्ने ।
- स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष सहभागी भई बस्तीस्तरबाट बहुक्षेत्रीय पोषण योजनासँग सम्वन्धित लाभान्वित÷लक्षित वर्गको लागि तोकिएका योजना छनौट गर्न सहजीकरण र पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको वार्षिक कार्यक्रम बनाउँदा सघन कार्यक्रम र संक्षिप्त कार्यक्रम सञ्चालन हुने वडा पहिचान गरी सोही अनुसार कार्यक्रम तयार गर्न निर्देशक समिति, बजेट तर्जुमा समिति र शाखामा सहजीकरण गर्ने ।
- बस्तीस्तरबाट छनौट भई आएको पोषणसँग सम्बन्धित योजनाहरुहरुको प्राथमिकीकरणका लागि वडा समिति तथा विषयगत समितिहरुमा पैरवी गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित योजना तर्जुमा गर्दा योजनासंग सम्बन्धित रहेका स्वास्थ्य, कृषि, पशुपंक्षि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र शासकीय प्रबन्ध जस्ता क्षेत्र समेटेर योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
- गर्भवती महिला, सुनौला हजार दिनका आमा र बालबालिका र किशोरी लक्षित हुने गरी वार्षिक योजना निर्माण गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यकता अनुसार सहजीकरण गर्ने ।
- गाउँ/नगरपालिकाको अल्पकालीन तथा दीर्घकालीन योजना निर्माणको क्रममा पोषण संवेदनशील र पोषण लक्षित योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।



एकनारायण अर्याल
सचिव

३) कार्यान्वयन

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गाउँ/नगर कार्यपालिका तथा विषयगत शाखाहरुले सञ्चालन गर्ने क्रियाकलापहरुको मासिक तथा चौमासिक रुपमा कार्य योजना बनाई सोही अनुरुप कार्यान्वयनका लागि सहयोग, सहजीकरण तथा समुदाय परिचालन गर्ने ।
- कार्यक्रमसँग सम्बन्धित अन्य अन्तरसम्वन्धित क्रियाकलाप संचालन गर्न गाउँ/नगरपालिकालाई सहयोग गर्ने।
- समुदाय स्तरमा सञ्चालन गरिने तालीम, गोष्ठि तथा अभियानहरुमा पोषणका विषयबस्तु, कार्यान्वयन खाका, विधि, प्रक्रियाको आन्तरिकीकरण गर्न आवश्यक सूचना प्रवाह गर्ने ।
- गाउँ/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको नियमितताको लागि आवश्यक सहयोग र सहजीकरण गर्ने र वार्ड स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा नियमित बैठक गर्न सहजीकरण गर्ने ।
- समुदायमा आधारीत संस्था, स्वास्थ्य संस्था, विद्यालय, गैर सरकारी संस्था, सहकारी संस्था, महिला समूह, युवा तथा किशोरी समूह जस्ता सरोकारवाला निकायहरुसँग समन्वय गरी उनीहरुको नियमित कार्यक्रमहरुमा पोषण तथा पोषण सुधारका लागि व्यवहार परिवर्तनको विषय समावेश गर्न र पोषणको मुख्य सन्देश प्रवाह गर्न सहयोग गर्ने।
- महिला सहकारी वा समूहमा सञ्चालन हुने अनुदानमा आधारित आयआर्जनका कार्यक्रम गर्न सहजीकरण गर्ने।
- विद्यालयमा सञ्चालन हुने खानेपानी योजना कार्यान्वयनका लागि सहजीिकरण गर्ने ।
- स्थानीय तहमा सरकारी तथा गैरसरकारी संस्थावाट संचालन हुने पोषण सम्बन्धी कार्यक्रमहरुको मूलप्रवाहीकरणको लागि सहजीकरण गर्ने ।
- वार्षिक कार्यक्रम तयारी तथा कार्यान्वयन गर्दा तोकिएको दररेट अनुसार हुने सुनिश्चितताको लागि सहजीकरण गर्ने ।

४) अनुगमन

- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत अनुगमन योजना तयार गरी पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम संयोजन गर्ने निर्वाचित कार्यपालिका सदस्य समेतको उपस्थितीमा कार्यक्रमको अनुगमन गर्न सहजीकरण गर्ने।
- समय समयमा स्थानीय तह, केन्द्र तथा दातृ निकायबाट हुने विभिन्न खालको अनुगमन कार्यमा सहयोग गर्ने र सोको प्रतिवेदन गर्ने ।

५) सूचना संकलन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन

- स्वास्थ्य चौकी, महिला स्वास्थ्य स्वयंसेविकासँग समन्वय÷सम्पर्क गरी स्वास्थ्य सम्वन्धीि तथ्याङ्क लिने तथा पोषण सम्वन्धीि तथ्याङ्कहरु अध्यावधिक गरी दुरुस्त राख्ने ।



एकनारायण अर्याल
सचिव

आ.व.: २०७७/७८

बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शी.नं. ३६५००१०६)

बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरु

- गाउँ/नगरपालिकामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरु र ती निकायवाट सञ्चालन हुने कार्यक्रमको पहिचान गरी कार्यक्रम संचालन गर्ने संस्था/निकाय, सम्पर्क व्यक्ति र कार्यक्रम संचालन हुने क्षेत्र समेतका विवरण रजिष्टरमा खडा गरी व्यवस्थित गर्ने र आवश्यकता अनुसार शाखा, प्रमुख प्रशासकीय अधिकृत र निर्देशक समितिलाई उपलब्ध गराउने ।
- स्थानीय तहमा पोषण योजनाको क्षेत्रमा भएका क्रियाकलापहरुको रेकर्ड व्यबस्थित गर्न पोषण डेस्कको स्थापना गर्न सहयोग गर्ने र पोषण डेस्कको रेकर्ड व्यबस्थित गर्न सहयोग गर्ने ।
- गाउँ/नगर पोषण पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्न आवश्यक तथ्याङ्क संकलन गर्ने र पाश्र्वचित्र बनाउन सहयोग गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत कार्यपालिका तथा विषयगत शाखाहरुवाट भएका कामहरुको साथै योजनासँग सम्बन्धित उपलब्धि तथा सफलताहरु संकलन र अभिलेखीकरण गर्ने ।
- पोषण सम्बन्धी प्रतिवेदनहरु स्थानीय तहमा सुरक्षित रुपमा अभिलेखीकरण गर्न सहयोग गर्ने र अभिलेखीकरण भएको सुनिश्चित गर्ने ।
- तोकिएको ढाँचामा मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्ने र सोको एक प्रति प्रदेशको पोषण संयोजक।समन्वयकर्तालाई समेत प्रेशित गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन प्रगति सम्बन्धमा स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरुको संयोजन गर्ने कार्यपालिका सदस्यलाई मौखिक तथा लिखित प्रतिवेदन गर्ने ।
- मन्त्रालयले माग गरेको अवस्थामा बहुक्षेत्रीय पोषण योजनासंग सम्बन्धित प्रतिवेदनहरु उपलब्ध गराउने ।
- बहुक्षेत्रीय पोषण योजनाको Online Reporting System (ORS) मार्फत स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र शासकीय प्रबन्ध जस्ता क्षेत्रमा भएका प्रगति विवरण प्रविष्ट भएको सुनिश्चित गर्ने ।



एकनारायण अर्याल
सचिव